# ....... ........................टोल विकास संस्था, महोत्तरीको विधान २०७२

**प्रस्तावना :**

हाम्रो बस्ती/टोलमा समयको अन्तराल सगै जनघनत्व बढ्दै गई फोहरमैला र अव्यवस्थित वातावरण समेत बढ्दै गएको परिदृश्यमा स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन एंव् अवसरहरुको अधिकतम परिचालन गरी बस्तीमा आर्थिक, सामाजिक, भौतिक सुधार गर्न आवश्यक ठानी बिकास निर्माण एंव् समाज सुधार कार्यका लागि हामी यस क्षेत्रका बासिन्दाले टोल बिकास संस्था निर्देशिका - २०६६ बमोजिम बर्दिबास न.पा. को पहलमा संगठित भई....................................टोल बिकास संस्था स्थापना गरि संचालन गर्न बान्छनीय भएकाले यो बिधान तयार गरिएको हो ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) **यस संस्थाको नामः-** "............................टोल बिकास संस्था", महोत्तरी हुनेछ ।

ख) **प्रारम्भ** :- यो विधान दर्ता भएको मिति देखि लागू हुनेछ ।

ग) **संस्थाको अस्तित्व** :- यो संस्था एक अविछिन्न उत्तराधिकारवाला संगठित स्वः शासित गैह्र नाफा मुलक, गैह्र राजनितिक गैह्र सरकारी संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्धेश्य बाहेक अन्य आर्जन गर्नका लागि कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

घ) **प्रतिबद्धताः** संस्थाको कुनै क्रियाकलापले राज्यको प्रचलित नीति, नियम वा कानूनको वर्खिलाप हुन जाने वा नेपालको अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने कुनै काम कुरा नगर्ने प्रतिबद्धता प्रकट गर्दछौ । यो संस्था बर्दिबास नगरपालिकामा आबद्ध रहि नगरपालिका तथा टोलबासी प्रति उत्तरदायी हुनेछ ।

ङ) यस संस्थाको कार्यालय....................................... मा रहनेछ ।

च) यस संस्थाको कार्यक्षेत्र :: **पूर्वमा** ................................**पश्चिमममा**..............................
**उत्तरमा**.............................. **दक्षिणमा**..............................

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

**क)** "विधान भन्नाले : यस "............................टोल बिकास संस्था, सिन्धुलीको विधान २०७२" लाई बुझ्नु पर्दछ ।

**ख)** "संस्था" भन्नाले : टोल बिकास संस्था, निर्देशिका २०७२ सिन्धुलीको विधान अनुसार बर्दिबास नगरपालिकामा आवद्ध.........................टोल विकास संस्था भन्ने बुझ्नु पर्दछ ।

ग) "उद्धेश्य" भन्नाले : "………………………………टोल बिकास संस्था, महोत्तरीको विधान २०७२" को उद्धेश्यहरु लाई बुझ्नु पर्दछ ।

घ) "अध्यक्ष" भन्नाले :यस संस्थाको विधानको परिधि भित्र रहि निर्वाचित टोल बिकास संस्थाको प्रमुख लाइ बुझ्नु पर्दछ ।

ङ) "साधारण सभा" भन्नाले : यस संस्थाको साधारण सदस्यहरुको सभा भन्ने बुझ्नु पर्दछ ।

च) "कोष" भन्नाले सामाजिक हितका कार्यहरु गर्न संस्थाका सदस्यहरु बाट संकलित रकम र अन्य निकायहरुबाट प्राप्त अनुदान समेतको यस संस्थाको कोष लाइ जनाउँछ ।

छ) "पदाधिकारी" भन्नाले टोलविकास संस्था वा कार्यगत समूहका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष लगायत सदस्यहरुलाई सम्झनु पर्दछ ।

ज) "बचत कोष" भन्नाले टोल विकास संस्थाका सदस्यहरुले पछि फिर्ता हुने गरि जम्मा गरेको रकम रहने कोष सम्झनु पर्दछ ।

झ) "कार्यगत समूह" भन्नाले टोलविकास संस्थाको साधारण सभाले विशेष जिम्मेवारी दिई गठन भएका समूह वा संस्था भित्र विभिन्न कार्य गर्नको लागी गठित समूहलाई सम्झनु पर्दछ ।

ञ) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ (संसोधन सहित) ऐन लाई बुझ्नु पर्दछ ।

ट) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनु पर्दछ ।

ठ) "नगरपरिषद" भन्नाले स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ७६ वमोजिमको नगरपरिषदलाई सम्झनु पर्दछ ।

ड) "नगरपालिका" भन्नाले कमलामाई नगरपालिकालाई सम्झनु पर्दछ ।

ढ) "नगरप्रमुख " भन्नाले ऐनको दफा ८० (२) वमोजिमको नगरपालिकाको नगर प्रमुख पदमा निर्वाचित वहालवाला नगर प्रमुख सम्झनु पर्दछ वा नगर प्रमुखको काम काज गर्न तोकिएको व्यक्ति लाइ सम्झनु पर्नेछ ।

ण) "कार्यकारी अधिकृत" भन्नाले ऐनको दफा २५३ वमोजिम नगरपालिकाको सचिव भई काम गर्न नियुक्त कर्मचारी सम्झनु पर्दछ ।

## ३) संस्थाको छाप र चिन्ह

यस संस्थाको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

छापको नमूना गोलो आकार भित्र माथिको घेरामा संस्थाको नाम, तल्लो घेरामा संस्थाको ठेगाना र बीचमा महिलाको हातले कुचो र पुरुषको हातले गैंची समातेको एक अर्को संग क्रस गरिएको अंकित चिन्ह हुनेछ ।

## परिच्छेद २

### ४) लक्ष्य

टोल बिकास संस्थाले सिमाङ्कन गरिएको क्षेत्र भित्रका टोलबासीहरु बिच समन्वय कायम गरी टोलको आर्थिक, सामाजिक, साँकृतिक, भौतिक बिकास गरी सम्पूर्ण टोलबासी लाइ ऐक्यबद्ध गरी संगठित संस्थाको रुपमा बिकास गर्ने ।

### ५) संस्थाको उद्देश्यः

यस संस्थाको उद्देश्य देहाय वमोजिम हुनेछः-

क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।
ख) टोलका व्यक्तिहरुको आयमा वृद्धि गर्ने कार्यक्रमको संचालन गरि गरिबी न्युनिकरणमा मद्दत पुऱ्याउने ।
ग) स्थानिय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको परिचालन एवं उनीहरुको क्षमता बिकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने।
घ) स्थानीय स्तर बाट सिकेको अनुभव बाट टोल-नगर सम्बन्ध बिस्तार तथा शहरी समाज परिचालनको एउटा नमुना कार्यक्रम विकसित गरी अन्य बस्ती बिस्तार गर्न सहयोग गर्ने ।
ङ) स्वशासित संस्थालाई प्रभावकारी बनाउने ।
च) संस्थालाइ नगरपालिकाको सब भन्दा तल्लो एकाइको रुपमा स्थापित गराई सहभागितात्मक नगरपीलिका योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउने ।
छ) स्थानीय स्तरमा संचालित कार्यक्रममा जनसहभागिता बढाउन अभिप्रेरित गर्ने ।

## परिच्छेद ३

### ६) सदस्यता :

(क) बर्दिबास नगरपालिका टोल बिकास संस्था निर्देशिका-२०६६ को प्रतिकुल नहुने गरी संस्थाको उद्देश्य वमोजिम संस्था प्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने संस्थाको तोकिएको भौगोलिक सिमाना भित्रको एक घर एक सदस्यको आधारमा सवै घरधुरी सदस्य यस संस्थाका सदस्य हुनु पर्नेछ ।

(ख) बुँदा क अनुसार सदस्य बन्न ईच्छुक नयाँ टोलबासीलाई संस्थाले तोके वमोजिम संस्थामा दरखास्त दिएमा संस्थाको वैठकको निर्णयबाट सदस्यता प्रदान गर्नु पर्नेछ ।

(ग) एक घरबाट एक जना भन्दा वढी सदस्य हुन पाईने छैन र एउटा संस्थामा सदस्य भएको व्यक्ति अर्को संस्थाको सदस्य हुन पाईने छैन ।

(घ) संस्थाले साधारण सदस्य र बचत सदस्य गरी सदस्यलाई दुई भागमा विभाजन गरी सदस्यता वितरण गर्ने व्यवस्था मिलाउन सक्ने छ । बचत रकमको बिषयमा निर्णय गर्नका लागि बचत सदस्य बाहेक लाई अधिकार रहने छैन ।

यसरी सदस्यता वितरण गरे पछि संस्थाले सदस्यहरुको विवरण खुल्ने गरी सदस्यता अध्यावधिक गर्नु पर्नेछ ।

ङ) सदस्यता प्राप्तिका लागि निज ब्यक्ति १६ बर्ष उमेर पुगेको नेपाली नागरिक, मगज नबिग्रेको, नैतिक पतन देखिने, फौजदारी अभियोगमा सजाय नपाएको र सम्बन्धित टोलमा बसोबास भएको हुनु पर्नेछ ।

**७) सदस्यता नरहने अवस्था:**

(क) सदस्यको मृत्यु भएमा र निजको घरधुरीमा अरु कोहि पनि अधिकारवाला नभएमा ।

(ख) सदस्यले संस्थाको सिमाना भित्रबाट स्थायी रुपमा वसाई सरी अन्यत्र गएमा ।

(ग) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृति गरेमा तर संस्थाको निर्णय उपर चित्त नवुझेमा साधारण सभाको निर्णय अन्तिम हुनेछ।

(घ) संस्थालाई हानी नोक्सानी हुने कुनै कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भै सजाय पाएको कारण देखाई संस्थाले सदस्यबाट हटाउने निर्णय गरेमा तर सम्वन्धीत सदस्यहरुलाई सफाई दिने अवसरबाट वञ्चित गर्न पाईने छैन । यस सम्वन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ ।

**८) संस्था संचालनको लागि देहाय वमोजिमका पदाधिकारीहरु रहने गरी टोल विकास संस्थाको गठन गर्नु पर्नेछ ।**

(क) अध्यक्ष,

ख) उपाध्यक्ष

(ग) सचिव,

घ) सहसचिब

(ङ) कोषाध्यक्ष

(च) बाँकी एक घर एक सदस्य

यसरी पदाधिकारीहरुको चयन गर्दा अध्यक्ष, सचिव र कोषाध्यक्षहरुमा दलित, जनजाति, आदिवासी तथा महिलाहरुलाई प्रोत्साहन गर्नु पर्नेछ ।

माथि जे सुकै लेखिएको भएता पनि टोलविकास संस्थाको कामकारवाहीलाई सक्रिय रुपमा सञ्चालन गर्नका लागि साधारण सभाले प्रमुख पाँच पदमा निार्वाचित पदाधिकारी हरु अनिवार्य रहने गरी ७ देखि ९ जना सम्मको सचिवालय समिति निर्माण गर्न सक्ने छ । यसरी वनेको सचिवालय समितिले कार्यसमितिको समेत काम गर्ने छ ।

**९) संस्थाका सदस्यहरुको पदावधि:**

(क) सवै सदस्यहरुको पदावधि २ वर्षको हुनेछ ।

(ख) प्रत्येक वर्ष टोल विकास संस्थाको साधारण सभा गर्नु पर्दछ र हरेक दुई बर्षमा नेतृत्वको निर्वाचन गर्नु पर्दछ जुन सर्वसम्मती वा चुनावद्धारा गर्न सकिनेछ । टोल विकास संस्थाको नेतृत्व परिवर्तन गर्दा दलित, आदिवासी जनजाति तथा महिलाहरुलाई विशेष प्राथमिकता दिनु पर्दछ । तर संस्थाले पदाधिकारी परिवर्तन गर्न उचित नठानेमा साविक कै पदाधिकारी राख्न यो नियमले वाधा पुर्याएको मानिने छैन ।

**१०) संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।**

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

अध्यक्ष संस्थाका प्रमुख हुनेछन् । टोल विकास संस्थालाई कसरी व्यवस्थित रुपले परिचालन गर्ने भन्ने सम्वन्धमा संस्थाका अध्यक्षको काम कर्तव्य र अधिकार निम्न वमोजिम हुनु रहनेछ ।

(१) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

(२) संस्थाको बैठक बोलाउने र बैठकको लागि मिति, समय र स्थानको निर्णय गर्नका साथै सदस्यहरुको सहमति लिनु पर्ने ।

(३) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

(४) छलफल हुदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(५) बैठकमा आवश्यक प्रस्तावहरु पेश गर्न लगाउने ।

(६) सचिव र कोषाध्यक्षहरुलाई आवश्यकता अनुसार सहयोग पुऱ्याउने ।

(८) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

(९) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षा प्रवन्ध मिलाउने।

(१०) आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने ।

(११) अन्य सहयोगी निकायहरुसंग समन्वय राख्ने, आवश्यक भएमा परिचालनको वन्दोवस्त गर्ने ।

(१२) विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने।

(१३) विविध प्रकारका समन्वय बैठकमा भाग लिने ।

(ख) उपाध्यक्षको काम कर्तव्य र अधिकार

१) अध्यक्षलाई सहयोग गर्ने ।

२) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने काम गर्ने

(ग) **सचिवको काम, कर्तव्य र अधिकार**

(१) अध्यक्षको आदेशानुसार वैठक वोलाउने ।

(२) एक तिहाई सदस्यहरुले विशेष वैठकको लागि लिखित माग गरेमा विशेष वैठक बोलाउने ।

(३) वैठक पुस्तिकामा उपस्थिति गराउने ।

(४) छलफलका प्रस्तावहरु संकलन गरी वैठकमा पेश गर्ने र वैठकको निर्णय लेखि पढेर सुनाउने, पुनः प्रत्येक सदस्यहरुलाई हस्ताक्षर गर्न लगाउने ।

(५) संस्थाको कृयाकलापको वारेमा सदस्यहरुलाई जानकारी गराउने ।

(६) संस्था संचालनमा र अन्य सदस्यहरुलाई आवस्यक सहयोग गर्ने ।

(७) निर्णय लागु भए नभएको हेरी लागु गराउने ।

(८) लगानी असुली गर्ने प्रत्येक वैठक पुस्तिकामा लेखि सवैको सहिछाप गराउने ।

घ) **सहसचिबको काम, कर्तव्य र अधिकार**

१) सचिवलाई सहयोग गर्ने ।

२) सचिवको अनुपस्थितिमा सचिवले गर्ने काम गर्ने ।

(घ) **संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(१) प्रत्येक वैठकमा सवै सदस्यहरुबाट बचत संकलन गरी बचतको विवरण पेश गर्ने ।

(२) प्रत्येक सदस्यको वचत रकम व्यक्तिगत बचत खातामा चढाउने ।

(३) व्यक्तिगत बचत खाता अनुसारको रकम प्रत्येक सदस्यको पास वुकमा चढाई प्रमाणित गर्ने ।

(४) संकलित बचत रकम संस्थाको निर्णय अनुसार नजिकको वैंकको खातामा जम्मा गरि गराई वैंकको पासवुकमा उल्लेख गर्ने ।

(५) वैठकको निर्णय अनुसार बचतको परिचालन गरी अभिलेख राख्ने ।

(६) निर्णय अनुसार गर्नु पर्ने लगानी गरी असुली समेत गर्ने र लगानी र असुलीको अभिलेख राख्ने ।

(७) सम्पूर्ण सदस्यहरुको गत बैठक सम्मको बचत रकम वैंकमा रहेको रकमसंग भिडाउनु पर्ने ।

(८) ऋण लगानी पश्चात प्राप्त व्याज आम्दानी वा अन्य कार्य गर्दा प्राप्त हुने आम्दानीको वितरण गरि सवै सदस्यहरुको व्यक्तिगत खाता, पासवुक एवं बचत खातामा चढाउनु पर्ने ।

(९) संस्थाले गरेको काम/कारोवारको लेखा परिक्षण गराउने ।

(१०) वैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

(११) अन्य सदस्यहरुसंग समन्वय राखी सहयोग लिने दिने ।

(१२) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

(१३) संस्थाका सदस्यहरुलाई आर्थिक कारोवारको पारदर्शिता गराउने ।

**(ङ) संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकार**

(१) वैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

(२) संस्थाको निर्णयानुसार मासिक वचत समयमै जम्मा गर्ने ।

(३) संस्थाको हिसाव किताव बराबर चेक गर्ने ।

(४) टोल विकास संस्थाका पदाधिकारीहरुले गलत काम गरेमा अरु सदस्यहरुको सहयोग लिई तुरुन्तै कारवाही गर्न बैठकमा प्रस्ताव पेश गर्ने ।

(५) आवश्यकता अनुसार संस्था सञ्चालनका लागि नीति, नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।

(६) आवश्यकता अनुसार अध्यक्ष , सचिव र कोषाध्यक्षलाई सघाउने ।

(७) अरु सदस्यहरुलाई पनि बचत गर्न प्रोत्साहित गर्ने ।

(८) संस्था भित्र भएका विकृति हटाउन सहयोग गर्ने ।

## परिच्छेद ४
## कोष तथा कोष सम्बन्धि व्यवस्था

११) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ, संस्थाको कोष भन्नाले सरकारी, गैर सरकारी, निकायको काम प्रति चासो राख्ने राष्ट्रिय, अन्तराष्ट्रिय व्यक्तित्वहरु बाट प्राप्त अनुदान रकम, संस्थाको चल-अचल सम्पत्ति, आर्थिक सहयोग उपहार आदिलाइ बुझाउँछ । टोल विकास संस्थाको खाता संचालन संस्थाका अध्यक्ष र कोषाध्यक्ष/सचिव वा संस्थाले तोकेको एक जना सदस्यको संयुक्त दस्तखतबाट संचालन हुने गरि नगरपालिकाको सिफारिसमा स्थानीय वैंकहरुमा संस्थाको नाममा वचत खाता खोल्नु पर्नेछ ।

क) संस्थाको देहाय बमोजिम आर्थिक श्रोत हुनेछ ।

- सदस्य बाट प्राप्त शुल्क ।
- सदस्यहरु बाट गरिने नियमित बचत ।
- सरकारी तथा गैरसरकारी संस्था बाट निःशर्त सहायता/अनुदान ।

- दाताहरु बाट प्राप्त नि:शर्त सहयोग ।
- संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त सेवा प्रदान गरेर आर्जित आय वा पुरस्कार।
- संस्थाको कोष बाट आर्जित आय ।
- टोल विकास संस्थाले बिभिन्न संघसंस्था सँग ऋण लिई आफ्ना सदस्यहरु लाई ऋण लगानी गरी कमाएको व्याज, सेवा शुल्क र हर्जाना बापतको रकम ।
- अन्य आम्दानी ।

## परिच्छेद ५
## टोल विकास संस्थाको काम कर्तव्य र अधिकार

**१२) टोल विकास संस्थाको काम, कर्तव्य र अधिकार निम्न वमोजिम हुनुपर्नेछ ।**

क) टोल विकास संस्थाहरु पूर्णरुपमा नगरपालिका प्रति उत्तरदायी हुनु पर्नेछ ।

ख) प्रत्येक टोल स्तरमा शतप्रतिशत घर परिवार सहभागि भएका महिला वा पुरुष वा दुवै थरी समावेश भएको टोल विकास संस्था गठन गर्ने ।

ग) संस्थाका सदस्यहरु बाट नियमित रुपमा बचत संकलन तथा परिचालन गर्ने ।

घ) संस्थाका सदस्यहरु लाई उद्यमशिलता तर्फ अग्रसर गराउन आफ्नो स्वलगानी तथा संघ संस्था बाट ऋण लिई उद्यम संचालन गर्नमा पहल गराउने ।

ङ) तालिम तथा प्रविधिमा विशेष चाख राखी टोल बासीहरुको ज्ञान र सीप वृद्धि गराउने कार्यमा सहयोग गर्ने ।

च) टोलमा आई परेका समस्याहरु समाधान गर्न एकअर्कामा भाइचारा कायम गरि सभ्य समाजको अवधारण कायम गर्ने ।

छ) पिछडिएका वर्ग तथा जनजातिहरुको विकासका लागि सम्बन्धित क्षेत्र तथा निकाय बाट सहयोगका लागि सम्बन्ध बिस्तार तथा समन्वय कायम गर्ने ।

ज) टोल तथा नगरको अन्तरसम्बन्ध हुने गरी कार्यक्रमहरु तयार गरी आत्मनिर्भरता तर्फ अघि बढने ।

झ) आफ्नो समस्या लाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न तथा श्रोतको समुचित परिचालनका लागि आफ्ना सामाजिक तथा आर्थिक पूर्वाधार विकास सम्बन्धि टोल विकास योजना र उद्यम विकास योजना बनाउने ।

ञ) टोल तथा नगरको अन्तरसम्बन्ध बढाउन बिभिन्न श्रृजनात्मक कार्यहरु गर्ने जस्तै बस्ती/टोलको उत्पादन शहरमा खपत गराउन प्रोत्साहन गर्ने ।

ट) बस्ती/टोलको पूर्वाधार बिकास निर्माणमा जनसहभागिता जुटाउने ।

ठ) बार्षिक एंव् आवाधिक नगर विकास योजना बनाउन नगरपालिका कार्यालय लाई सहयोग गर्ने एवं सुझाव सल्लाह दिने ।

ण) सडक बत्ती व्यवस्थापन, फोहरमैला व्यवस्थापन कार्यमा नगरपालिका लाई सहयोग पुऱ्याउने ।

## परिच्छेद ६

### संस्थाको बैठक र साधारण सभा सम्वन्धी व्यवस्थाः

१३) **बैठक संचालनः**

(क) संस्थाको बैठक सामान्यतया महिनाको एक पटक वस्ने छ । यसरी बैठक वस्दा एक बैठक र अर्को बैठक वीचको समय दुई महिना भन्दा बढी हुने छैन ।

(ख) संस्थाको बैठक अध्यक्षले बोलाउने छ तर देहायका अवस्थामा सचिवले बैठक बोलाउन सक्ने छ ः।

(१) अध्यक्षले निजलाई बैठक बोलाउन निर्देशन दिएमा वा २ महिना भन्दा बढी समयसम्म बैठक वस्न नसकेमा ।

(२) दुई महिंना वा सो भन्दा बढी समय सम्म संस्थाको बैठक वस्न नसकी संस्थाका एक तिहाई सदस्यले बैठक बोलाउनको लागि लिखित रुपमा अनुरोध गरेमा ।

(ग) संस्थाको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको उपाध्यक्षले बैठकको अध्यक्षता गर्ने छ । अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा सचिव र सचिव पनि अनुपस्थिति रहेमा संस्थाको सवभन्दा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

घ) टोलविकसा संस्थाले सचिवालयको व्यवस्था गरेको अवस्थामा हरेक तिन महिनामा आम बैठक बस्ने गरी दुईवटा बैठक सचिवालयले कार्यसमितिको हैसियतले सञ्चालन गर्न सक्नेछ । आम बैठकमा सम्पुर्ण सदस्य संख्याको कम्तिमा ६० प्रतिशत सदस्यहरुको उपस्थिति अनिवार्य भएको हुनु पर्नेछ ।

**१४) साधारण सभाः**

संस्थाका सम्पूर्ण सदस्यहरुको उपस्थितिमा कम्तिमा वर्षको एक पटक साधारण सभा बस्नु पर्नेछ । साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ । साधारण सभाका काम, कर्तव्य र अधिकार निम्न वमोजिम हुने छन् :

**साधारण सभाको काम, कर्तव्य र अधिकार**

(क) विगतको कार्य समिक्षा गर्ने र आगामि बर्षको लागि कार्यक्रम तयार गर्ने साथै साधारण सभामा पेश भएका विषयहरुमा यथोचित निर्णय गर्ने ।

(ख) पदाधिकारीहरुको पदावधि समाप्त भएको भए पदाधिकारीको चयन गर्ने ।

(ग) गुनासा, उजुरी, पुनरावलोकन सुन्ने र निर्णय दिने ।

(घ) आवश्यक परे कार्यगत समूह र सल्लाहकारको मनोनयन गर्ने ।

(ङ) समन्वय समितिको प्रभावकारी सञ्चालनको लागि नीति नियमहरुको निर्माणसंसोधन तथा परिमार्जन गर्ने ।

च) अन्य आवशयक एवं महत्वपुर्ण निर्णयहरु जसले सम्पुर्ण सदस्य ( टोल विकास संस्था ) हरुलाई प्रभावित गर्न सक्छ त्यस्तो बिषयमा निर्णय गर्ने ।

(छ) सबै तहको साधारण सभामा नगरपालिकाको प्रतिनिधित्व अनिवार्य हुनु पर्ने छ ।

(ज) अख्तियारी प्रदान गर्ने ।

(झ) नगरपालिकाको सहमतिमा विधान संशोधन गर्ने ।

(ञ) लेखापरिक्षकको नियुक्ती एवं पारश्रमिक तोक्ने, लेखापरिक्षकको प्रतिवेदन पारित गर्ने ।

**१५) विशेष साधारण सभा :**

संस्थाको हितलाई ध्यान राखी कुल सदस्य संख्याको २५ प्रतिशत सदस्यहरुले लिखित रुपमा अनुरोध गरेमा वढीमा १५ दिन भित्र विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

**१६) अविश्वासको प्रस्तावः**

साधारण सभाका साधारण सदस्य संख्याको कम्तिमा एक तिहाई सदस्यहरले समितिका कुनै पदाधिकारीको काम कारवाहीको सम्बन्धमा लिखित रुपमा कारण सहित अविश्वासको प्रस्ताव दर्ता गर्न सक्नेछन् । अविश्वासको प्रस्ताव दर्ता भएमा त्यसको १५ दिन भित्र साधारण सभा वोलाउनु पर्नेछ । उक्त प्रस्ताव माथि छलफल भई सो प्रस्तावलाई अनुमोदन गर्नका लागि कुल सदस्य संख्याको कम्तिमा दुई तिहाई साधारण सदस्यहरुको मतको आवश्यकता पर्दछ । तर जुन पदाधिकारी प्रति अविश्वासको प्रस्ताव ल्याएको हो सो व्यक्तिलाई साधारण सभामा आफ्नो स्पष्टिकरण पेश गर्न मुनासीव माफिकको मौका दिनु पर्नेछ ।

# परिच्छेद ७

## निर्वाचन सम्वन्धी व्यवस्था र बिबिध

१७) बर्दिबास नगरपालिका टोल बिकास संस्था निर्देशिका-२०६६ को भावना र संस्थाको विधानको अधिनमा रही टोलविकास संस्थाका पदाधिकारीहरुको निर्वाचन गर्न एउटा निर्वाचन समिति गठन गर्नु पर्नेछ । जसमा संस्थाले तोकेको व्यक्तिको संयोजकत्वमा साधारण सदस्यहरु मध्येबाट ३ जनाको निर्वाचन मण्डल गठन गर्नु पर्नेछ । जसले संस्थाको नियम अनुसार निर्वाचन प्रकृया अपनाई निर्वाचन कार्य सम्पन्न गर्नेछ ।

क) यस समितिले पदाधिकारीको चयन सर्व सम्मत गराउन पहल गर्नु पर्नेछ ।

ख) कार्यसमिति गठन सर्वसम्मत हुन नसकेको अवस्थामा यसरी गठन भएको निर्वाचन समितिले टोल विकास संस्थाका पदाधिकारी चयनको लागि आफै प्रकृया तोकी निर्वाचन गराउन सक्नेछ ।

ग) निर्वाचन समितिले निर्धारण गरेको कार्यक्रम अनुसार निर्वाचन कार्य सम्पन्न हुनेछ ।
घ) निर्वाचन समितिमा रहेका व्यक्तिहरु सो निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।
ङ) निर्वाचन समितिले गरेको निर्णय सबैलाइ मान्य हुनेछ ।
च) निर्वाचन समितिलाई आवश्यक सहयोग गर्नु संस्थाका सबै सदस्यको कर्तब्य हुनेछ ।

**१८) उम्मेदवार हुने योग्यता :**

क) उम्मेदवारको योग्यता यस विधानको परिच्छेद-३ को दफा ६ (ङ) हुनेछ ।

**१९) विधान संशोधनः-**

कूल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले अनुमोदन गरे पश्चात् मात्र विधानको कुनै दफा संशोधन वा खारेजका लागि वडा सचिव मार्फत सिफारिश गरी कमलामाई नगरपालिकाको कार्यलयमा पठाउनु पर्नेछ । कार्यकारी अधिकृत बाट स्वीकृत भए पश्चात् मात्र विधानको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

**२०) विनियम बनाउन सक्नेः-**

संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा विधानको विपरीत नहुने गरी आवश्यक विनियम बनाउन सक्नेछ र सोको जानकारी कमालामाई नगरपालिका लाई दिनुपर्नेछ ।

**२१) व्याख्याः**

यो विधान वा विधान अन्तर्गत बनेको नियम, विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

**२२) कार्य समितिका पदाधिकारीहरु र सदस्यहरुले पालना गर्नेः**

यस संस्थाको कुनै पनि सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारीहरु वा साधारण सभाका सदस्यहरुको बैठकमा सभ्य र शिष्ट भाषाको प्रयोग गर्नुपर्नेछ ।

**२३) ऐन अनुसार हुनेः**

यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएका कुराहरु स्वतः निष्कृय हुनेछन् ।

**२४) निर्देशनको पालनाः**

कमलामाइ नगरपालिकाले समय-समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ साथै संस्थाले सम्वन्धित निकायको नीति निर्देशनको पालना सदैव गर्नेछ ।

**२५) विविधः**

**क) पुरस्कारको व्यवस्थाः**

यस संस्थाको लक्षित उद्देश्य प्राप्तिमा विशेष योगदान पुऱ्याउने व्यक्ति, संघ, संस्थालाई कार्यकारिणी समितिले निर्णय गरी उचित सम्मान, कदरपत्र वा पुरस्कारको समेत व्यवस्था गर्न सक्नेछ ।

**ख) दण्डको प्रावधानः**

कुनै सदस्यले संस्थाको हित विपरित काम गरेको पाइएमा यो विधान एवं प्रचलित कानून वमोजिम कारवाहीको प्रक्रिया अघि वढाईनेछ ।

ग) हामी "..............................", टोल बिकास संस्था सिन्धुलीका कार्यसमितिका पदाधिकारीहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भैं कमलामाई नगरपालिकाको प्रतिनिधिको रोहवरमा सहिछाप गर्दछौं ।

*कार्यसमितिको नाम, थर, ठेगाना:*

| *क्र.सं.* | *नाम/थर* | *पद* | *ठेगाना* | फोटो | *हस्ताक्षर* |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

<u>रोहवर</u> बर्दिबास नगरपालिका वडा नं. का वडा सचिव श्री